जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ अंकः- ४५ २०८२ साल भाद्र २३ सोमवार (September 8, 2025) पृष्ठ संख्याः- ४ मुल्य रु : ५।-

## सामाजिक उत्तरदायित्वसहित डडेल्धुरामा २२औं निजामती सेवा दिवस सम्पन्न

बिगूल समाचार
२३ भाद्र २०८२



डडेल्धुरा। 'व्यवसायीक र शृजनशिल प्रशासन, विकास, समृद्धि र सुशासन' भन्ने नाराका साथ डडेल्धुरामा २२औं निजामती सेवा दिवस २०८२ भव्य रूपमा मनाइएको छ । जिल्ला प्रशासन कार्यालयको आयोजना र कर्मचारी मिलन केन्द्रको सहयोग तथा समन्वयमा दुई दिने कार्यक्रम गरी यो दिवस मनाइएको हो। यस अवसरमा सामाजिक उत्तरदायित्व, अन्तर्गत स्वास्थ्य, र वातावरण संरक्षणका र खाद्यान्न वितरण कार्यक्रमहरू सम्पन्न भएका छन् ।

रुदिवसको अवसरमा आयोजित कार्यक्रममा जिल्लास्थित सम्पूर्ण कार्यालयका प्रमुख तथा कर्मचारीहरू, सुरक्षा निकायका प्रमुख र सुरक्षाकर्मीहरूको उल्लेख्य सहभागिता थियो । दुईदिने कार्यक्रमको पहिलो दिन रक्तदान कार्यक्रमको आयोजना गरियो भने दोस्रो दिन खाद्यान्न वितरण र वृक्षारोपण कार्यक्रम सम्पन्न गरियो ।

विशेषगरी, उग्रतारा वेदविश्रामका बटुकहरूलाई चामल, दाल, तेल, नुन लगायतका खाद्यान्न हस्तान्तरण गरिएको थियो । यस सामाजिक कार्यमा योगदान पुऱ्याएकोमा कर्मचारी मिलन केन्द्र डडेल्धुराका अध्यक्ष करुणाकर अवस्थीले सबैलाई धन्यवाद व्यक्त गरे । उनले सामाजिक उत्तरदायित्व निर्वाह गर्नु सबैको दायित्व भएको र यस कार्यक्रमले त्यसको सुन्दर उदाहरण प्रस्तुत गरेको बताए ।

रुखाद्यान्न वितरणपछि उग्रतारा मन्दिर परिसरमा वृक्षारोपण कार्यक्रम पनि सम्पन्न भएको छ। यस कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) जनार्दन गौतमले वातावरणीय संरक्षणको दृष्टिले यो कार्यक्रम अत्यन्त महत्त्वपूर्ण रहेको बताए। उनले यस्ता कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिने र यसलाई अझ व्यापक बनाउनुपर्नेमा जोड दिए ।

रुप्रमुख जिल्ला अधिकारीले निजामती कर्मचारीको भूमिकाको प्रशंसा गर्दै निजामती सेवा दिवसले कर्मचारीलाई आफ्नो पेसाप्रति गर्व महसुस गराउने र जनता तथा प्रशासनबीचको सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुग्ने बताए ।

नेपालमा २०६१ सालदेखि मनाउन सुरु गरिएको निजामती सेवा दिवसले हरेक वर्ष कर्मचारीहरूमा सकारात्मक सन्देश प्रवाह गर्दै प्रशासनिक कार्यक्षमता सुधार गर्न मद्दत पुर्याएको प्रजिअ गौतमले बताए ।

कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबै सरकारी निकाय, सामाजिक संस्था, सञ्चारकर्मी र सुरक्षा निकायप्रति आयोजकले आभार व्यक्त गरेको छ ।

## डडेल्धुरामा REED द्वारा प्रगति समिक्षा र अगामी कार्यक्रम सार्वजनिकरण

बिगूल समाचार
२३ भाद्र २०८२

डडेल्धुरा । डडेल्धुरामा आइतबार ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (REED)को प्रगति र प्रभावकारितामाथि सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय प्रमुख गगन सिंह भण्डारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा किसान, अधिकारी तथा सरोकारवालाहरूले आयोजनाको कार्यान्वयन प्रक्रिया, किसानको सहभागिता र बजेट खर्चका चुनौतीहरूबारे छलफल गरे ।

### आयोजनाका उद्देश्य र वर्तमान अवस्था

डडेल्धुराका पाँच पालिकामा महाकाली राजमार्ग अन्तरगत कोरिडोरमा सञ्चालित यो आयोजनाको मुख्य उद्देश्यहरू कोभिड-१९ प्रभावितलाई राहत दिने, कृषि उत्पादनको बजारीकरण गर्ने र पूर्वाधार निर्माण गर्ने रहेको कार्यालय प्रमुख पशुपति नाथले बताए। उनले यस आर्थिक वर्षमा आयोजनाको बजेट १ करोड ९६ लाख मात्र रहेको र अब ९ महिनामा परियोजनाको म्याद सकिने जानकारी दिए। उनका अनुसार, सुदूरपश्चिममा हालसम्म १० वटा पालिकास्तरीय कृषि तथा पशुपन्छी सेवा केन्द्रहरू निर्माण भई हस्तान्तरण भइसकेका छन् ।

### किसानका अनुभव र गुनासा

कार्यक्रममा सहभागी धेरैजसो किसानले आयोजनाबाट लाभान्वित भएको बताए पनि प्रक्रियागत झन्झटहरूले समस्या आएको गुनासो गरे ।

बैतडीकी बसन्ती चन्दले आयोजनाको सहयोगमा बाख्रापालन र गोठ सुधार गरे पनि जग्गा ऐलानी हुन नहुने, एउटै परिवारका दुई सदस्यले लाभ लिन नपाउने र टेन्डर/कोटेसन जस्ता सर्तहरूले समस्या आएको बताइन् ।

यस्तै कैलालीका लक्ष्मण साउदले बेसार खेतीका लागि ठूलो रकम (६५ लाखको लागतको ५०%) किसानले नै जम्मा गर्नुपर्ने हुँदा साना किसानलाई गाह्रो भएको गुनासो गरे ।

आलितालका टिकाराम ओलीले कार्यालयले बोयर जातको बाख्रापालनमा मात्र जोड दिएको तर किसानहरूले स्थानीय जातलाई प्राथमिकता दिन चाहेकोले समन्वयमा समस्या भएको बताए ।

### सरोकारवालाहरूको धारणा

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले आयोजनाले किसानको जीवनस्तर उकास्ने लक्ष्य लिएको भए पनि प्रारम्भिक लगानीका कारण केही झन्झट रहेको स्वीकार गरे । उनले वास्तविक किसानले लाभ पाउने गरी आयोजना अगाडि बढाउनुपर्नेमा जोड दिए ।

प्रमुख अतिथि गगन सिंह भण्डारीले आयोजनाले प्रविधि भित्र्याए पनि त्यसलाई चलाउने जनशक्तिको अभाव रहेको बताए । उनले 'वास्तविक किसानहरूले केही पाएका छैनन्, कतै कतै त कार्यालय र कोठाहरू मात्र बनेका छन्' भन्दै स्थानीय सरकार हरूलाई जिम्मेवार बन्न आग्रह गरे ।

रुराष्ट्रिय कृषि आधुनिकीकरणका प्रमुख पितम्बर बस्नेतले कामको आधारमा मात्र भुक्तानी हुने आश्वासन दिँदै दाताको इच्छाभन्दा किसानको इच्छाअनुसार कार्यक्रम सञ्चालन हुनुपर्नेमा जोड दिए ।

सार्वजनिक सुनुवाइले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाले सकारात्मक प्रभाव पारे पनि यसको कार्यान्वयन प्रक्रिया, वित्तीय व्यवस्थापन र किसानहरूको वास्तविक आवश्यकता बीच तालमेल मिलाउनुपर्ने चुनौती औंल्याएको छ । आयोजनाको पैसा दुरुपयोग नहोस् भन्ने सुनिश्चितता भए पनि प्रारम्भिक लगानीको भार, खरिद प्रक्रियाको झन्झट, र किसानको चाहनालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ ।

सुचना समाचार
विज्ञापनका लागि लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला ।

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरु सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरु सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा

# सम्पादकीय

## पुर्खाप्रतिको कृतज्ञता र श्रद्धाको पर्व हो सोह्र श्राद्ध

हाम्रो सनातन धर्म र संस्कृतिमा १६ श्राद्धको विशेष स्थान छ । यो केवल धार्मिक अनुष्ठान मात्र नभएर हाम्रो जीवनशैली, मूल्य र दर्शनसँग प्रत्यक्ष जोडिएको परम्परा हो । पितृलाई सम्झने, उनीहरूको योगदानलाई सम्मान गर्ने र आगामी पुस्तालाई संस्कार हस्तान्तरण गर्ने अवसरका रूपमा यो पर्वलाई बुझिन्छ । वास्तवमा, सोह्र श्राद्ध हाम्रो जीवन दर्शनको एउटा महत्वपूर्ण पक्ष हो, जसले मानिसलाई आफ्नो अस्तित्वको आधार अर्थात् पुर्खासँग जोडेर राख्छ ।

'सोह्र' अर्थात् १६ दिन र 'श्राद्ध' अर्थात् श्रद्धापूर्वक गरिने अनुष्ठान । भाद्र शुक्ल पूर्णिमा देखि असोज औँसीसम्म चल्ने यो विशेष समयमा दिवंगत आत्माहरूको शान्ति, मोक्ष र आशीर्वादका लागि तर्पण, पिण्डदान र ब्राह्मण भोजन गराइन्छ । गरुड पुराण, अग्नि पुराण, मत्स्य पुराण लगायतका शास्त्रमा श्राद्धको विधि, दर्शन र महत्त्वलाई विस्तृत रूपमा उल्लेख गरिएको पाइन्छ । शास्त्रका अनुसार ,पितृ ऋणबाट मुक्त हुनका लागि श्राद्ध गर्नु अपरिहार्य कर्म हो ।

श्राद्धसँग जोडिएका किंवदन्तीहरूलाई अझ गहिरो गरी बुझ्दा, महाभारतकालीन कथामा कर्णको प्रसङ्ग विशेष रूपले स्मरणीय छ । युद्धपछि मृत्युपश्चात् स्वर्ग पुगेका कर्णलाई भोजनको सट्टा सुन–चाँदी दिइयो । जब उनले कारण सोधे, देवताले उत्तर दिए–जीवनभर दान पुण्य गरे पनि उनले आफ्ना पुर्खालाई कहिल्यै अर्पण गरेनन् । त्यसपछि कर्णलाई १५ दिनका लागि पृथ्वीमा फर्काई आफ्ना पितृहरूको श्राद्ध गर्न अवसर दिइयो । यही प्रसङ्गलाई पितृपक्षको प्रारम्भको आधार मानिन्छ ।

श्राद्धको वैज्ञानिक दृष्टिकोण पनि रोचक छ । यो अवधिमा वर्षा ऋतु सकिँदै शरद ऋतु सुरु हुन्छ । वातावरणमा हुने परिवर्तनसँगै शरीर र मन दुवै प्रभावित हुन्छन् । यस समयमा गरिने दान, पुण्य, अन्न–जलको अर्पणलाई सकारात्मक ऊर्जा सञ्चार गर्ने अभ्यासका रूपमा लिइन्छ । साथै, वातावरणीय शुद्धता र जीवन चक्रप्रतिको चेतनासँग पनि यो कर्म जोडिएको छ ।

सामाजिक दृष्टिले पनि सोह्र श्राद्ध महत्वपूर्ण छ । परिवारका सदस्यहरू एउटै ठाउँमा भेला भई दिवंगत आत्माको सम्झनामा श्राद्ध गर्दछन् । यसले आपसी प्रेम, एकता र संस्कारलाई बल पुऱ्याउँछ । यो केवल धार्मिक विधि नभई पारिवारिक मेलमिलापको अवसर पनि हो । श्राद्धमार्फत नयाँ पुस्ताले आफ्ना पुर्खाको योगदान र जीवन दर्शनबारे जान्ने मौका पाउँछन्, जसले संस्कृतिको निरन्तरता सुनिश्चित गर्छ ।

आजको आधुनिक समाजमा श्राद्धको प्रासंगिकता झन् बढेको छ । भौतिक सुखसुविधा र व्यस्त जीवनशैलीले मानिसलाई आफ्ना जराबाट टाढा पुऱ्याइरहेको छ । यस्ता परिस्थितिमा सोह्र श्राद्धले मानिसलाई पुर्खाप्रतिको कर्तव्य सम्झाउँछ । जीवन केवल वर्तमानमा सीमित नभई पुस्ता दर पुस्ता निरन्तरता भएको यात्रा हो भन्ने बोध यसले दिलाउँछ ।

अतः, सोह्र श्राद्धलाई केवल कर्मकाण्डका रूपमा मात्र नभई कृतज्ञता र श्रद्धा प्रकट गर्ने अवसरका रूपमा लिनु आवश्यक छ । यसमार्फत हामी पुर्खाको आशीर्वाद ग्रहण गर्दै संस्कृतिको मूल जरा सुरक्षित गर्न सक्छौं । हाम्रो जीवनको सार नै पुर्खाले देखाएको बाटो हो, जसले भविष्यलाई दिशा दिन्छ । पितृप्रतिको सम्मान र कृतज्ञताको पर्वका रूपमा १६ श्राद्ध सधैं हाम्रो जीवन र संस्कृतिको अविभाज्य हिस्सा रहनेछ ।

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं । यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

लाल बिगूल राष्ट्रिय दैनिकद्वारा जनहितमा जारी सन्देश

# भाट-भटेनी र नागको कथाः गन्याप देउताको उत्पत्तिसँग जोडिएको किंवदन्ती



करन साउँद (किरण)

डडेल्धुराको गन्यापधुरा गाउँपालिका ४ र ५ को सिमानामा पर्ने महाभारत वनक्षेत्रको घना जंगलमा पर्ने प्रसिद्ध लाटागन्याप 'शिखर जात' प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्दशी दिन रातीको समयमा लाग्ने गर्छ ।

शिखर जातमा भक्तजनहरूको निकै नै ठुलो घुइचो लाग्ने गरेको पाइन्छ यस ठाउँमा जानका लागि १५ दिन अगाडी देखि निन्यो चोखो बस्ने (शुद्ध साकाहारी भोजन गर्ने) परमपरा परापूर्व काल देखि चल्दै आएको छ । यस धार्मिक मेलामा पुग्नका लागि डडेल्धुरा जिल्ला सदरमुकामबाट हिडेर १ दिन भरिकै यात्रा हुन्छ भने गन्यापधुराको सदरमुकामबाट २/३ घण्टामा पुगिने यस क्षेत्रमा सुदुरपश्चिमका विभिन्न जिल्लाहरूबाट भक्तजनहरू आउने गर्छन् । गन्यापधुरा गाउँपालिकाकाको मालिगाउँ, रुमायल, जैसेरा, रेल र डोटीको थप्सा र बानीडुंग्रैसैन लगायत १२ ठाउँबाट देउरो आउने गर्दछ । देउरो आउँदा दाइन, दमाहा र भोक्कर बजाइन्छ भने दमाहा बजाउने विशेष अधिकार दमाई जातिका व्यक्तिलाई दिएको छ । रेलको ढोली (दमाई)ले दमाह नठोक्दा सम्म गन्यापको पुजा सुरुवात हुँदैन ।

### गन्याप देउता संग (फुला भाट भटेनी) को साइनो

स्थानीय र पौराणिक किंवदन्ती अनुसार रुमायल गाउँमा दुईजना भाट दम्पती (भाट/भटेनी) बस्दै आएका थिए भाटभटेनी दम्पत्तीले वर्खादको समयमा धानको बारीलाई गोडमेल (नेल्ने) क्रममा खेतमा पहेलो नाग (सर्प) भेटाए पछी नागलाई आफ्नो घरमा ल्याएर धान राख्ने कोरडो (भाकारी) मा राखेर पाले । एक दिनको कुरा थियो श्रीमान फुला भाट गाउँ घुम्न गए । गाउँ जादा श्रीमतीलाई खाना पकाएर राख्नु म खानेबेला पुग्छु भन्नेका रहेछन् । त्यतिबेला हाम्रो समाजमा श्रीमान भन्दा अगाडी श्रीमतीले खाना खादैन थिए । फुला गाउँ जादै गर्दा एक जना गाउँलेले फुलाको छडी (टेक्ने बासको लौरो) चोरी भयो । चोरी गर्ने मान्छेले चोरी गरेको छडी लेगेर फूलाको घरमा गए ।

त्यसपछी ती छडी चोर्ने मान्छेले भटेनीलाई भने फुला आउदैन्न उनले खाना खाईसक्यो भनेर मेरा घर भणीया भणीबर मलाई पठायाको हो । उनले यो छडी पठाराई छन् राखिदेउ । भनेर ती मान्छेले भनेपछी भटेनीले विश्वास गरेर पकाएको खाना खादै थिइन त्यतिबेला फुला भाट घर को आगनमा टुप्क्क पुगे ।

घरको आगनबाटै फूलाले लौ बुढी जिउनार अदाउ (भात खानु) खान लगा भनेपछी भात खादै गरेकी भटेनीलाई धर्म संकट पड्यो । आफ्नो बुढो खाना खानका लागि आए म आफु खाना खादै छु भनेर भटेनी धर्मसंकटमा परिन् । भटेनीलाई हतार पतार सँगै धर्म संकट भयो के गर्ने के गर्ने भनेर त्यसैबेला उनले आफुले खादै गरेको जुठो थाललाई नाग बसेको कोरडोमा लुकाईन । जुठो थाल आफु बसेको कोरडोमा लुकाए पछी नाग रिसाए । त्यसपछी नाग(गन्याप) ले भाटभटेनीको घरबाट छोडे र महाभारतको लेक तिर निस्किए । जहाँ अहिले पुजा लाग्छ त्यस ठाउँमा नाग देवता बसे र भाट भटेनीपनि नाग कै पछीपछी त्यहाँ पुगे त्यो दिन थियो भाद्र शुक्ल चतुर्दशी ।

साझको बेला महाभातको जंगलमा नागसँगै बसेर भाटभटेनीले आगो बाल्न र खाना पकाउनका लागि तीन ओटा ढुङ्गाका डिल्ला लगाए । ती तीन ओटा ढुङ्गाका डल्लाहरू मध्ये दुई ओटा त्यही ठाउँमा छन् भने एउटा डिल्ला त्यहाँबाट घुरेर (खसेर) गोठपाणका खोला पुग्यो त्यो अहिले पनि हेर्न सकिन्छ । बाकी बचेका दुई डिल्लाहरूले बृहत रूप लिए र त्यहि निर रहे । भाट भटेनीका दुवै बुढाबुढीहरू त्यसैठाउँमा नै बर्मलिन भए बर्मलिन भएपछी गन्याप देउताले ती दुवै डिल्लाका ओरीपरी आफुलाई बेरे र टाउको र पुच्छर एकै ठाउँमा राखे गन्यापको टाउँको भएको ठाउँमा आजभोली पुजा गर्ने गरिन्छ । भन्ने किबम्व दन्ति छ ।

### गन्याप र मसानी दैतको सम्बन्ध

#### आस ए मसानी दैत खपऱ्याको दल आयो नेडी

त्यतिबेला देवता र दानवको लडाई हुँदा खपऱ्या दानवले गन्यापमाथि आक्रमण गर्नका लागि एउटा ढुङ्गा हान्यो । ढुङ्गा हानेपछी गन्यापले मसानी देवतालाई सहयोगका लागि गुहार मागे "आस ए मसानी दैत खपऱ्याको दल आयो नेडी" भनेर बोलाउदा मसानी देवता आएर खपऱ्याले हानेको ढुङ्गालाई उल्टा फर्काई दिए त्यो ढुङ्गा अहिले पनि दुई ओटा सिलाको बिचमा अडिको छ । त्यसलाई खपरेको गोलो भन्ने गरिन्छ त्यो दुई सिलाको बीचमा अड्किएको हामी देख्छौ । त्यसपछी दानव हारे र देउताहरूको विजय भयो । मसानीले देउता र दानवहरूको लडाईमा साथ दिएको हुँदा अहिले पनि गन्यापमा रातीको १२ बजे पहिलो घाई मसानीको लागे पछी मात्रै पुजा सुरू हुन्छ ।

### गन्याप देउतासंगको भुल जातीका महिलाहरूको सम्बन्ध

महाभारतको जङ्गलमा निङलाको घाँस पाउथ्यो । त्यतिबेला निङलाको घास काट्न हालको गन्यापधुरा गाउँपालिका वडा नं. ४ मा पर्ने जैसेरा गाउँका भुल जातीका महिलाहरू निङलाको घासकाट्नका लागि त्यस जंगलमा पुगे पानी पर्दै थियो ओत लाग्ने ठाउँ कतै भेटेन्न त्यसैठाउँमा ओत लागे ।

ओत लाग्दा एक जना महिलाले आफ्नो आसी (हसिया) लाई त्यो सिलामा धार लगाउँदा रगत बगेको रहेछ रगत बगेको देख्दा ती महिलाले आफ्नो टाउको बाध्ने पछ्यौराले छोपेकी रहेछन् । पहिलो पटक भुल जातीका महिलाहरूल गन्याप देउताको दर्शन पाएको किम्वदन्ती छ । त्यसैले त्यतिबेला पहिलोपटक भूल जातीका महिलाहरूले गन्यापको दर्शन पाएको हुँदा भुल जातीका महिलाहरूलाई गन्यापले पहिलो आसन दिउला भनेर बाचा बोलेका रहेछन् । आजभोली पनि भूल जातीका महिलाहरूलाई मन्दिरको एक छयौतिर टाडको आसन (काठको खामा माथि बनाएको बस्ने ठाउँ) बनाएर आसन दिएको छ । अहिले पनि त्यो ठाउँमा भुल जातीका महिलाहरू बस्ने गरेको देख्न सकिन्छ ।

### रेलको बाझ्रो ढोली (दमाई) र गन्याप देउताको सम्बन्ध

गन्याप जातमा अहिले पनि बाझ्रो ढोली (दमाई)का सन्तानहरूले पहिलो ठोकाउनी (घाई) न लाउदा सम्म पुजा सुरूवात हुँदैन । बाझ्रो ढोली (दमाई) गन्याप पुजा सकिएको भोलीपल्ट घर जादै थिए उनले आफ्नो बजाउने ढोल (ढोलक) त्यतै भुलेछन् । बिच बाटोबाट ढोल भुलेको भनेर ल्याउनका लागि फर्कीए । त्यो दोस्रो दिन त्यस ठाउँमा खपरे दैतका सेनाहरूले पनि जात बनाउदा रहेछन् । बाझ्रो ढोली आएको भुतहरूले देख्दा सोधपुछ गर्दा ढोल भुलेको भनेर भन्दा गन्यापको कारीवारी भनेर बाझ्रो ढोलीलाई सजाय स्वरू दानवहरूले आखामा पट्टी बाधेर रातभरी ढोल बजाउन लगाएछन् । दोस्रो दिन उज्यालो भएपछी बाझ्रो ढोलीलाई भुतहरूले रातभरी ढोल बजाए बापत एउटा कातोमा (कपडा) पोको पारेर घरमा पुगे पछी खोल्नु भनेर बक्सिस दिएका रहेछन् ।

बाझ्रोलाई कौतुहल्ता लागे छ उनले बिच बाटोमानै त्यो पोकोलाई खोलेछन् । खोल्दा बालुवा देखेपछी बालुवालाई त्यतै फालेछन् तर कातो फाल्न भुलेका रहेछन् । गाउँ पुग्दा उनले रातभरी भएको सम्पूर्ण कुराहरू गाउँलेलाई सुनाएछन् यो कातोमा बालुवा बाधेको रहेछ मैले फाली दिए । भनेर कातो फुकादा बचेका बालुवाका टुक्राहरू सुनका डल्लामा परिणत भएका रहेछन् । अहिले पनि हामीले तारा दमाई (तरबा) का घरमा गएर ती सुनका डल्लाहरू देख्न सकिन्छ । त्यसैले रेलको दमाईले पहिलो ठोकाउनी नहान्दा सम्म गन्यापको पुजा लाग्दैन ।

### सिमको लाटो र गन्यापको सम्बन्ध

पश्यागर्खा क्षेत्रमा चिरपरिचित सिमको लाटो गन्याप देउताको सबै भन्दा नजिकको मित्रका रूपमा चिनिन्छ । सिमको लाटो गन्याप देउता संगसँगै हुने गन्यापको रक्षाका लागि लड्ने रक्षक सेना प्रमुख हो । गन्याप देउताले आफ्नो सेना प्रमुखको रूपमा भाटभटेनीको बर्मलिन पछी सिमको लाटोलाई बोलाएको किम्बदन्ती छ । सिमको लाटोले भुमिदेवलीलाई बोलाएको भन्ने किम्वदन्ती छ । त्यसै गन्यापको धामी अहिले पनि बोल्दैन, सिमको लाटोले इसारा मात्रै गर्छ र भुमिदेवलीले सिमको लाटोले भनेको कुरालाई सबैलाई बुझाउने गरेको अहिले पनि हामी देख्न सक्छौ । सिमकोलाटो गन्याप देउताको रक्षक सेना प्रमुख द्वारपाले भएको स्थानीय किम्वदन्ती छ । त्यसैले रातीको १२ बजे सिमको लाटोले बाता ओल्याउने कम गर्छ । सिलाको चारै तिर बत्ती बाल्ने गर्छ त्यो दृष्य निकै नै रोचक देखिन्छ । रक्षक भएको हुँदा खेरी चारैतिर सिमको लाटाले बत्तीबाले पछी (बत्ती बल्किने) मात्रै पुजा आरम्भ हुन्छ सिमको लाटोले बाता ओल्काउने गर्दा जुन दृष्य देखिन्छ त्यो रोचक मात्रै होईन मानव नस्तिफ्कलाई नै सान्त बनाउने गर्दछ ।

सन्दर्भ समाग्रीः धर्म प्रति आस्था र विश्वस गर्ने गन्यापधुरा गाउँपालिका अग्रज व्यक्तित्वहरू ।

**सुचना ! सुचना ! सुचना !**

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

**आलिताल गाउँपालिका**
**वडा नं. ७ को कार्यालय**
**डडेल्धुरा**

**पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश**

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौ। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**पाटन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाटन बैतडी**

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## सुदुरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय

Email:- akcdadeldhura@gmail.com

# कृषि ज्ञान केन्द्र

प.स. २०८२/८३ मिति २०८२/०५/२०

च.नं.

डडेल्धुरा

२०७५

### विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्वन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/०५/२०)

कृषि ज्ञान केन्द्र, डडेल्धुराको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मिति देखि २१ दिन भित्र २०८२/०६/०९ गते सम्म कार्यालय समय भित्र, सूदुरपश्चिच प्रदेश कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन। पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ (नियम १४ को उपनियम (३) अनुसार निर्दिष्ट आवेदन फारम भरी तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, डडेल्धुरा वा सम्वन्धित स्थानिय तहको कृषि विकास शाखामा निवेदन साथ राजश्व बुझाएको नगदी रसिदको पहिलो प्रति वा बैंक भौचर पेश गर्न हुन संवन्धित सवैका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | कर्यक्रम संञ्चालन हुने स्थान | नियुनतम मापदण्ड | कार्यक्रमको प्रक्रिया |
|---|---|---|---|---|
| १ | फलफुल नरसरी स्थापना/सुदृढीकरण कार्यक्रम | जिल्ला भरी | नरसरी ब्यवसाय दर्ता गरी हिउदे तथा वर्षेफलफुल बिरूवा उत्पादन गरी विक्रि वितरण गरि रहेको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । साथै कलमी विरूवा उत्पादन गरिरहेकोलाई प्राथमिकता दिइने छ । | कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| २ | साना सिचाई निर्माण कार्यक्रम | जिल्ला भरी | ब्यवसायिक कृषि खेति गरेको र विगत २ वर्ष यता कार्यक्रममा समावेस नभएको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । | कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| ३ | कृषि अध्ययन गरेका वा विदेशबाट फर्किएका कृषि उद्यम गर्ने युवाहरूको उद्यमशीलता विकास सहयोग | जिल्ला भरी | कृषि विषय पढी बेरोजगार वा कृषि पेशामा संलग्न युवा, विदेशबाट फर्केका कृषि ब्यवसाय गर्नु इच्छुक युवाहरू (विदेशबाट फर्केको प्रमाण पेश गर्नु पर्ने छ । | संसोधन २०८० बमोजिम |

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

१. रु १० को टिकट टाँस गरिएको सुदुरपश्चिच प्रदेश कृषि तथा पशुपनछी ब्यवसाय प्रवर्धन । पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ नियम १४ को उपनियम (३) संग सम्वन्धित अनुसार निर्दिष्ट प्रस्ताव फारम ।
२. समुह/सहकारी/कम्पनीको हकमा निवेदन पेश गर्ने निर्णयको प्रतिलिप ।
३. ब्यक्तीका हकमा नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि/कृषि फर्म /सहकारी तथा कम्पनीका हकमा फर्म दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण, करचुक्ता प्रमाण पत्र, नविकरण पमाण पत्र तथा लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनीहरुले कार्यक्रममा सहभागी हुन चाहने कृषकको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।
५. अन्य संघिय र स्थानिय निकायबाट अनुदान प्राप्त गरेका र दोहोरो परेका कृषक/फर्म/समुह/सहकारी तथा कम्पनीहरुलाई कार्यक्रममा समावेश गरिने छैन ।
६. गत २ आ.व सम्म कुनै पनि कार्यक्रममा समावेश नभएको कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनी लाई प्रथमिकता दिईनेछ ।

नोटः- आवेदन पेश गर्दा अनुदानग्राहीले सूदुरपश्चिच प्रदेश कृषि तथा पशुपनछी ब्यवसाय प्रवर्धन (पहिलो संसोधन नियमावली २०८०) को अनुसूची-५ नियम १४ को उपनियम (४) वमोजिम रु १ लाख सम्मको अनुदान माग गरेमा निशुल्क, रु १लाख देखी रु ५ लाख सम्मको अनुदान माग गरेमा रु ३०० र रु ५ लाख भन्दा वढीको अनुदान माग गरेका कार्यक्रमका लागी रु १००० निवेदन दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्ने छ ।

**बैंक सम्वन्धि जानकारी :**

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक
कार्यालय कोडः ३९२०१७५०२७
कार्यालयको नाम : कृषि ज्ञान केन्द्र डडेलधुरा ।
प्रयोजनः अन्य प्रशासनिक शुल्क
राजश्व शिर्षक नः १४२२९

**थप जानकारीका लागीः**

राम सिह बोहराः- ९८५८७७७५९२
लक्ष्मी भट्टः- ९८४८७७१३६६
पुष्प ओझाः- ९८६८३६८०८५

.................................

नरेन्द्र पनेरू
बागवानी विकास निर्देशक

सुचना ! सुचना ! सुचना !

**ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

**भागेश्वर गाउँपालिका**
**वडा नं. ४ को कार्यालय**
**बगरकोट, डडेल्धुरा**

सुचना ! सुचना ! सुचना !

**ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

**भागेश्वर गाउँपालिका**
**वडा नं. ३ को कार्यालय**
**डडेल्धुरा**

# लाल बिगुल राष्ट्रिय दैनिक

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

२०८२ साल भाद्र २३ सोमवार

शिक्षा/साहित्य/विविध





व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडाबन डडेल्धुरा


# परशुराममा ३१ हजार सेनेटरी प्याड कुहिए ६२ लाख सल्लाहकारको खातामा

**भिम दाहाल**
**२३ भाद्र २०८२**




डडेल्धुरा। सुदूरपश्चिम प्रदेशको डडेल्धुरा स्थित परशुराम नगरपालिकामा भएको आर्थिक अनियमितताले यतिबेला स्थानीय आक्रोशित बनेका छन्। विद्यालयका छात्राहरूलाई वितरण गर्ने भन्दै खरिद गरिएको सेनेटरी प्याडदेखि विज्ञ सल्लाहकार नियुक्तिसम्ममा खुला रूपमा कानुन मिच्दै लाखौंको सरकारी स्रोत हिनामिना तथा दुरुपयोग भएको प्रमाण उजागर भएको छ। यति ठूला प्रमाण हात लागिसक्दा पनि नियमन निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग मौन बस्दा जनता निरास बनेका छन्।

नेपाली कांग्रेसका युवा नेता भरत बडायर जोशी माओवादी केन्द्रका शेर सिंह माल सँग १३६ मतको सानो अन्तरले नगर प्रमुखमा विजयी भएका थिए। जनताले युवा नेतृत्वबाट पारदर्शिता र सफा शासनको अपेक्षा गरेका थिए। तर चुनावी घोषणापत्रमै 'सुशासन र पारदर्शिता'को प्रतिज्ञा गर्ने नेता आज कानुन मिचेर सरकारी कोषको दुरुपयोग गर्नेमा अग्रसर भएको देखिएको छ। यहीँ कारण उनका समर्थकसमेत निराश भएका छन् भने जनमतलाई बेवास्ता गर्ने प्रवृत्तिप्रति आक्रोश चुलिएको छ।

नगरपालिकाले विद्यालयमा छात्राहरूलाई वितरण गर्ने उद्देश्यले थोक बजारमा १८ रुपैयाँ पर्ने सेनेटरी प्याडलाईई-बिडिङ मार्फत २८ रुपैयाँमा खरिद गरेको तथ्य पनि सार्वजनिक भएको छ। यसरी ३१ हजार ८२४ थान प्याड खरिद गर्दा ८ लाख ९३ हजार रुपैयाँभन्दा बढी खर्च गरिएको देखिन्छ। तर यति ठूलो रकम खर्चेर खरिद गरिएका प्याड अझैसम्म शिक्षा शाखाको गोदाममै थन्किएका छन्। कानुनी प्रावधान अनुसार मागअनुसार समयमै वितरण गर्नुपर्ने भए पनि गोदाममै कुहिने गरी राखिएको छ भन्ने कुरा विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिहरूले समेत पुष्टि गरेका छन्। यति मात्र होइन, नगरप्रमुख जोशीले विज्ञ सल्लाहकार नियुक्तिको नाममा कानुनकै धज्जी उडाएका छन्। प्रतिवेदन अनुसार उनले ठाडो आदेशमा ऐनले मान्यता नदिने व्यक्तिलाई नियुक्त गरेर वार्षिक ७ लाख ५२ हजार रुपैयाँभन्दा बढी खर्च गरेका छन्। यही हिसाबमा पालिकाले हालसम्म ६१ लाख ६१ हजार रुपैयाँभन्दा बढी रकम सरकारी कोषबाट तलब-भत्ता बुझाइसकेको छ। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधा सम्बन्धी ऐन, २०७५ मा यस्तो खर्च गर्ने कुनै प्रावधान नै नभए पनि नगरपालिकाले कानुनको बेवास्ता गरेको छ। महालेखाले यसलाई प्रत्यक्ष सरकारी स्रोत दुरुपयोग भनेको छ।

यस्ता प्रष्ट प्रमाण सार्वजनिक भइरहँदा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग मौन छ। सतर्कता केन्द्र र राष्ट्रिय सरोकार समितिले पनि यस्तै तथ्य उजागर गरिसकेका छन् तर अहिलेसम्म कुनै ठोस कारबाही भएको छैन। यही मौनता र ढिलासुस्तीले जनता आक्रोशित बनेका छन्। उनीहरू खुलेरै प्रश्न गर्छन् - "१३६ मतको भरमा जनताको विश्वास जित्ने नेता आज किन भ्रष्टाचारको बाटोमा हिँडे? अख्तियार किन मौन बस्छ? के अख्तियार अपराधीको रक्षक बनेको हो ?"

नगरप्रमुख जोशीले आफू सचेत रहेको र आगामी दिनमा सच्याउने बताएका छन्। तर ऐन मिचेर भएको खर्चलाई 'सचेत छु' भन्ने एक वाक्यले नमेट्ने जनताको धारणा छ। संघीयताको मर्म जनताको घर दैलोमा सेवा पुर्‍याउनु हो भने यस्ता घोटाला र धन्दाले संघीयताको नैतिक आधार नै हल्लाएको छ। वडादेखि सिंहदरबारसम्म गहिरो गरी फैलिएको भ्रष्टाचारको अर्को नाङ्गो उदाहरण परशुराम नगर पालिका बनेको छ।


## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस्।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस्।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस्।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस्।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस्।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ। त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं। प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ। वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपुर, डडेल्धुरा**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगुल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा